# ज्वालामूखी गाँउपालिका
# आ.व. २०८०/०८१ को
# वजेट वक्तव्य

## ज्वालामूखी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय


सााँधभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल
Email :info@jwalamukhimun.gov.np
ito.jwalamukhimun@gmail.com\
jwalamukhiruralmun@gmail.com
Website:jwalamukhimun.gov.np

## ज्वालामूखी गाउँपालिकाको आ.व. २०८०।०८१ को वजेट बक्तव्य

ज्वालामूखी गाउँपालिकाको गाउँसभाको एघारौं अधिवेशनका श्रद्धेय अध्यक्ष ज्यू, उपस्थित प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस समारोहमा पाल्नु भएका सबै पेशा, वर्ग, सेवा र समूहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म ज्वालामूखी गाउँपालिकाको जन निर्वाचित उपाध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एंवम आभार व्यक्त गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

यस गाउँपालिकाको गरिमामय सभामा म आ.ब. २०८०/०८१ को बजेट प्रस्तुत गर्न गईरहेको छु । २००७ साल र त्यस पछिका विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र प्राप्ति तथा रक्षाका लागि भए गरेका आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनका क्रममा घाइते हुनुभएका सम्पूर्णमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

विश्वव्यापी आर्थिकमन्दीका कारण विभिन्न क्षेत्रमा पर्न गएको असरलाई न्यूनिकरण गर्दै आम जनमानसको जनजीवनलाई पूर्ववत रुपमा पुऱ्याउन सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, संघ संस्था र आम नागरिकको साथ सहयोग रहनेछ भन्ने दृढ विश्वास लिएको छु।

बजेट तर्जुमा गर्दा मैले मुलतः सम्मानित सभाले पारित गरेको नीति तथा कार्यक्रम, आबधिक योजना,संघीय सरकारको दिगो विकास लक्ष्यलाई आधार बनाएको छु । बजेट तर्जुमाको शिलशिलामा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार बार्षिक वजेट तथा कार्यक्रम तर्जुमा प्रकृयामा भएका ७ चरणहरु वजेटको पूर्व तयारी, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वस्तीहरुमा योजना छनौट, वडा स्तरमा प्राथमिकता निर्धारण तथा छनौट, वजेट तथा कार्यक्रम तर्जुमा समिति, गाउँकार्यपालिकावाट वजेट तथा कार्यक्रम स्वीकृति साथै राजनीतिक दल, नागरिक समाज, विषयगत विशेषज्ञहरुसँगको राय सुझाव साथै विभिन्न संघ संस्था लगायत सबैबाट प्राप्त सुझाबलाई समेत ध्यान दिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८०/०८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहान्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

(क) विश्वव्यापी आर्थिक मन्दीका कारण विभिन्न क्षेत्रमा पर्न गएको असरलाई न्यूनिकरण गर्दै आम जनमानसको जनजीवनलाई सहज परिस्थितिमा ल्याउने ।

(ख) उपलब्ध साधन स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरि सामाजिक, आर्थिक र भौतिक विकास मार्फत समृद्ध ज्वालामूखी निर्माण गर्ने।

(ग) सामाजिक समावेशिकरणको माध्यम बाट सबै वर्ग क्षेत्र लिङ्ग तथा समूदायको गाउँपालिकाबाट हुने सम्पूर्ण क्रियाकलापमा समान पहुँचको अवसर प्रदान गर्दै गाउँपालिका प्रतिको विश्वासमा अभिवृद्धि गरि अपनत्व बोध गराउने।

**सभाध्यक्ष महोदय,**

बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका प्राथमिकता निर्धारण गरेको छु ।

- गाउँपालिकाको नारा **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार-समृद्ध ज्वालामूखीको मूल आधार"** को मूल मर्मको आधार ।
- सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउने, स्वास्थ्य सेवाको दायरा विस्तार र स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती ।
- नागरिकका लागि काम र रोजगारीको अबसर,सामाजिक सुरक्षा र संरक्षण।
- गुणस्तरीय शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभूत खानेपानी लगायत सामाजिक आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माण ।
- विश्वव्यापी आर्थिकमन्दीका कारण पर्न गएको असरलाई न्यूनीकरण गर्दै आम जनमानसको जीवनमा परिवर्तनको आभास गराउने ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्षको लागि विनियोजित योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**शिक्षा क्षेत्र :-**

- गुणस्तरीय शिक्षाको व्यबस्था गर्न वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको प्रोत्साहन साथै शिक्षक व्यवस्थापन तथा शैक्षिक सुधारको लागि **रु ५० लाख ५० हजार** विनियोजन गरेको छु ।
- शिक्षा क्षेत्रको गुणस्तर वृद्धि गर्न MGML कार्यक्रमको लागि **रु. १७ लाख**, उच्च शिक्षा कक्षा ११ र १२ मा अध्यनरत विद्यार्थीको लागि निशुल्क शिक्षा कार्यक्रमको लागि **रु ३० लाख**, सामूदायिक विद्यालय बाट SEE पास गरेका दलित समुदाय लगायतलाई प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम वापत **रु ५ लाख**, साथै शिक्षा शाखा मार्फत हुने गरेका काममा सहजता ल्याउन **रु. २२ लाख** विनियोजन गरेको छु ।
- शिक्षा क्षेत्रको गुणस्तरमा सुधार ल्याउन शिक्षक तालिम, वालमैत्री स्थानीय तह घोषणा, पञ्चवर्षिय शिक्षा योजना तथा स्थानिय पाठ्यक्रम निर्माण, विद्यालय शिक्षक तथा विद्यार्थी सम्मान, महिला कर्मचारी सुत्केरी अवस्थामा शिक्षक सट्टा व्यवस्थापन लगायत शिक्षा क्षेत्रको समग्र विकासको लागि **रु ४८ लाख** विनियोजन गरेको छु।
- शिक्षा क्षेत्रको समग्र विकासको लागि कुल जम्मा रकम रु. **१ करोड ७२ लाख ५० हजार** विनियोजन गरेको छु ।

**स्वास्थ्य क्षेत्र :-**

- स्वास्थ्य सेवामा आम नागरिकको पहुँच बिस्तार गर्न स्वास्थ्य विमा कार्यक्रमको लागि रु १० लाख, निशुल्क औषधी वितरण साथै आयुर्वेद सेवा विस्तारको लागि **रु २६ लाख,** र स्वास्थ्य शिविर संचालनको लागि **रु. ५ लाख** विनियोजन गरेको छु ।
- घरमा सुत्केरी हुने कार्य शून्य बनाउनको लागि गर्भवती तथा सुत्केरी महिलाको लागि निशुल्क एम्वुलेन्स सेवा तथा पोषण प्रोत्साहन कार्यक्रम कोख देखि शोक सम्म ज्वालामूखी सरकार कार्यक्रमको लागि **रु. ९ लाख** विनियोजन गरेको छु ।
- स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रोत्साहित गर्न प्रोत्साहन साथै अन्य कार्यक्रमको लागि रु. **५ लाख** र ३५ दिन भित्र वडा कार्यलयमा जन्म दर्ता गर्ने छोरीहरुको लागि विमा कार्यक्रम संचालन गर्न रु. **८ लाख** विनियोजन गरेको छु ।
- **"स्वच्छ वातावरण स्वस्थ्य जीवन"** निर्माण का लागि पुर्ण सरसफाई कार्यक्रम संचालनार्थ **रु १० लाख** विनियोजन गरेको छु।

- स्वास्थ्य शाखा मार्फत विविध स्वास्थ्य कार्यक्रम संचालनको लागि **रु. ११ लाख** साथै गम्भिर विरामीको उपचारमा सहजता ल्याउने उद्देश्यले उपचार सहायता कोष संचालानार्थ रु ५ लाख विनियोजन गरेको छु ।
- आम नागरिकले स्वस्थ्य संस्थामा पहुँच नपुगेकै कारण स्वास्थ्य उपचार बाट बञ्चित हुन नपरोस भन्ने उद्देश्यले अध्यक्ष राहत कोषमा जम्मा हुने गरि **रु १० लाख** विनियोजन गरेको छु ।
- स्वास्थ्य क्षेत्रको समग्र विकासको लागि कुल जम्मा रकम रु. **९९ लाख** विनियोजन गरेको छु ।

**कृषि क्षेत्र :-**

- कृषि क्षेत्रको प्रवर्द्धन गरी आम नागरिकलाई आत्मनिर्भर बनाउने उद्देश्यले उन्नत जातको विउ विजन वितरणका लागि **रु.** २० लाख साथै कृषि क्षेत्रमा नागरिकलाई आकर्षण गराउन साथै आर्थिक रुपमा सवल र सक्षम गराउन उत्पादन हातमा अनुदान साथमा कार्यक्रम संचालनको लागि **रु. २५ लाख** विनियोजन गरेको छु ।

**पशु विकाश तर्फ :-**

- कृषकहरुलाई पशुपालन तर्फ आकर्षित गर्न पशु विमा कार्यक्रम संचालनार्थ **रु. ८ लाख** साथै पशु सेवा कार्यक्रम संचालनका लागि **रु २० लाख** विनियोजन गरेको छु ।
- नश्ल सुधार मार्फत उन्नत प्रकारको पशु पालन को लागि रु ५ लाख साथै पशु ल्याव संचालन को लागि रु ७ लाख विनियोजन गरेको छु ।

**सहकारी संस्था तर्फ**

- कृषि सहकारीहरुको एकिकरण साथै किसानलाई सहयोग पुर्याउने उद्धेश्यले साझेदारीमा कृषि कार्यक्रम संचालन गर्न **रु. ५ लाख** विनियोजन गरेको छु ।

**उद्यमशिलता तर्फ**

- युवाहरुलाई आत्मनिर्भर वनाउन उत्पादन मुलक व्यवसायिक तालिम संचालनार्थ **रु. १० लाख** विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद**

- खेलकुदको माध्यमवाट युवाहरुलाई शारिरिक तथा मानसिक रुपले तन्दुरुस्त वनाउनको लागि विविध खेलकुद कार्यक्रम संचालन गर्न **रु. १७ लाख** विनियोजन गरेको छु ।

**सामाजिक समावेशिकरण तर्फ :-**

- सामाजिक, आर्थिक रुपले पछाडी पारिएका वा परेका समुदाय वा व्यक्तिको सवलिकरणको लागि लक्षित वर्ग कार्यक्रम संचालनार्थ **रु. ५८ लाख** विनियोजन गरेको छु ।
- हिंसा पिडित महिला तथा वालवालिकाको संरक्षणा र राहतको लागि उद्दार कोष संचालन गर्न **रु. ५ लाख** विनियोजन गरेको छु ।

**सामाजिक न्याय तर्फ :-**

- न्यायमा सबै वर्ग , क्षेत्र तथा समुदायको पहुँचको सुनिश्चितता तथा न्यायपूर्ण समाज निर्माण का लागि न्यायीक समिति तथा मेलमिलाप केन्द्र व्यवस्थापनको लागि **रु १० लाख** विनियोजन गरेको छु ।

**विपद् व्यवस्थापन तर्फ :-**

- प्राकृतिक प्रकोपका कारण सृजित क्रियाकलापवाट प्रभावित आम जनताको लागि राहत उपलव्ध गराउने उद्देश्यले विपद् व्यवस्थापन कोष संचालनको लागि रु. १५ लाख विनियोजन गरेको छु ।

**संस्कृति तथा पर्यटन तर्फ :-**

- गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको विकास तथा संरक्षण साथै संस्कृतिको जगेर्ना गर्नको लागि रु. ४७ लाख ५० हजार विनियोजन गरेको छु ।

**अन्य सामाजिक क्षेत्र :-**

- शान्ति सुरक्षा तथा अन्य सामाजिक उत्तरदायित्य पुरा गर्न प्रहरी चौकी साधभञ्ज्याङ र प्रहरी चौकी मैदी को व्यवस्थापनका लागि **रु ५ लाख**, रक्तसंचार कोष स्थापनार्थ रेडक्रस धादिङ का लागि **रु ३ लाख,** समाजलाई सुसंस्कृत एंवम सामाजिक विकृती बाट जोगाउन लागु औषध नियन्त्रण साथै सचेतना मुलक कार्यक्रमको लागि रु ५ लाख र अग्रज नेतृत्व को सम्मान साथै विचार हरुलाई जिवन्त राख्न वि पि स्मृति भवन निर्माणार्थ रु २० लाख विनियोजन गरेको छु ।

**सुशासन तथा राष्ट्रसेवक कर्मचारी तर्फ :-**

- सबै क्षेत्र साथै सम्पूर्ण प्रशासनिक कार्यको विषयमा जानकारी गराउने उद्देश्यले अध्ययन अवलोकन भ्रमण लगायत अन्य प्रशासनिक कार्यको लागि रु. १३ लाख विनियोजन गरेको छु।
- कर्मचारीहरुको काम प्रतिको उत्साहलाई कायम राख्न, कर्मचारी को मनोवल उच्च पार्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्यले गाउँपालिकाको कार्यालयका साथै अन्य विषयगत

शाखामा कार्यरत अस्थायी/करार सेवाका कर्मचारीको सेवा निवृत्त जीवनलाई सहज बनाउन कर्मचारी कल्याण कोषमा रहने गरी **रु १० लाख** विनियोजन गरेको छु ।

- कार्यालय व्यवस्थापन अन्तर्गत ज्वालामूखी गाउँपालीका, विषयगत शाखा, स्वास्थ्य संस्थाहरुको व्यवस्थापन, कर्मचारीको तलव भत्ता साथै निर्वाचित पदाधिकारीहरुको सेवा सुविधाका लागि **रु ११ करोड ७४ लाख** विनियोजन गरेको छु।
- नवप्रवर्तन अनुसन्धान,गाउँपालिकको पञ्चवर्षिय आवधिक योजना तर्जुमा, मध्यकालीन खर्च संरचना निर्माण, कार्यालयको संगठन संरचना तथा व्यवस्थापन सर्भे साथै गाउँपालिका भित्र रहेका सम्पूर्ण जातजाती भाषाभाषी साथै धार्मिक अवस्थाको जानाकारी लिन गाउँपालिकाको एकिकृत वस्तुगत प्रोफाइल निर्माण, दक्षता प्राप्त स्वयम् सेवक परिचालन लगायत कार्यक्रमको लागि रु ४४ लाख विनियोजन गरेको छु ।

**भौतिक पुर्वाधार क्षेत्र :-**

- गाउँपालिका क्षेत्र भित्रका मुख्य मुख्य सडकहरु स्तरोन्नती गरी यातायात पूर्वाधारलाई सहज बनाउनको लागि किदेरी अमराई रातमाटे मझुवा कालोपत्रे लागि **रु ५० लाख,** हुलाक भञ्याङ सालवास चैनपुर बुङ्कोटघाट सडक कालोपत्रे को लागि **रु १ करोड,** साधभञ्याङ खरी बुङ्कोटघाट सडक कालोपत्रे को लागि **रु ५० लाख,** साथै गाउँपालिका क्षेत्रभित्रका मुख्य सडकहरु लाई बार्है महिना सुचारु गर्नको लागि मर्मत सम्भार कोष मा जम्मा हुने गरी रु. ३० लाख विनियोजन गरेको छु ।
- आम नागरिकलाई खानेपानीमा सहज पहुँच पुर्याउने उद्देश्यका साथ गाउँपालिका क्षेत्रभित्रका लिफ्टिङ तथा डिपवोरिङ्ग खानेपानीको TOD मिटरमा रेकर्ड भए अनुसारको विद्युत महशुल गाउँपालिका वाटै भुक्तानीको लागि **रु १५ लाख** विनियोजन गरेको छु ।
- खानेपानी योजनाहरुलाई एकीकृत गरी सहज र सरल तरिकाले गाउँपालिका भरी एकरुपता कायम गर्न ग्रामीण खानेपानी सरसफाइ तथा स्वच्छता बोर्डमा आवद्ध गराउन साथै बोर्ड मा आवद्धभएका एंवम नयाँ खानेपानी आयोजना संचालानार्थ रु ८८ लाख विनियोजन गरेको छु
- सेवा प्रवाहलाई सरल र सहज बनाउन वडा नं. ४ को वडा कार्यालय भवन निर्माणको लागि **रु ५० लाख** विनियोजन गरेको छु ।
- आम नागरिकलाई सफा र पिउन योग्य पानी को सुनिश्चितताको लागि खानेपानी परिक्षण ल्याव व्यवस्थापनको लागि रु ५ लाख विनियोजन गरेको छु ।

- समानुपातिक तथा समन्यायिक तवरले विकास क्रियाकलापलाई अगाडी बढाउने उद्देश्यका साथ वडाहरुबाट संचालन हुने  योजनाहरुको लागि वडागत रुपमा विनियोजन गर्ने गरि वडा नं १ देखि वडा नं ७ सम्म समान रुपले रु ८४ लाख साथै गाउँपालिकाबाट संचालन हुने योजनाहरु मध्ये गाउँपालिका स्तरीय गाउँपालिका अध्यक्षको तर्फवाट विनियोजन हुनेगरि रकम **रु. १ करोड ३० लाख** र गाउँपालिका उपाध्यक्षको तर्फवाट विनियोजन हुनेगरि **रकम रु. ९० लाख**, एकमुष्ठ **रु. २ करोड २० लाख** र आर्थिक वर्ष २०७९/८० मा सम्पन्न भइ भुक्तानी हुन बाँकी योजनाको भुक्तानीको लागि **रु १ करोड ४० लाख** विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिकाले वडागत रुपमा विनियोजन गरेको योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

| **वडा नं. १** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **योजनाको नाम** | **रकम** | |
| | | **अंकमा** | **अक्षरमा** |
| १ | विद्यालय व्यवस्थापन | ९००००० | नौ लाख |
| २ | स्वास्थ्य ईकाई घेरावार | ३००००० | तीन लाख |
| ३ | शाखा सडक मर्मत | ८००००० | आठ लाख |
| ४ | माझोटार जोगेटार मजुवा सडक मर्मत | ३००००० | तीन लाख |
| ५ | रातामाटा वडकाँडा सिँडीबाटो निर्माण तथा रातमाटा ठुलोखेत सिंचाई पोखरी | ३००००० | तीन लाख |
| ६ | छापथोक टेन्ट थता क्याटरिङ | ३००००० | तीन लाख |
| ७ | कामी पधेरा ट्यांकी तथा क्रियाघर निर्माण | ४००००० | चार लाख |
| ८ | छापथोक वुढी कुवा ठुलोचौर सिँडी निर्माण | ३००००० | तीन लाख |
| ९ | पुजारी गौंडा काप्राभञ्याङ पक्की नाला निर्माण | ३००००० | तीन लाख |
| १० | काफलस्वारा खानेपानी ट्याङ्की | ३००००० | तीन लाख |
| | **जम्मा** | ४२००००० | **बयालिस लाख** |

| **वडा नं. २** | | |
|---|---|---|
| **क्र.सं.** | **योजनाको नाम** | **रकम** |

| | | अंकमा | अक्षरमा |
|---|---|---|---|
| १ | उद्यम विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम | २०००००० | वीस लाख |
| २ | दुध उत्पादन प्रवर्द्धन कार्यक्रम | १५०००००० | पन्ध्र लाख |
| ३ | उज्यालो वडा | ५००००० | पाँच लाख |
| ४ | गोठ तथा थलो सुधार | १०००००० | दश लाख |
| ५ | फलफुल तथा तरकारी खेती प्रवर्द्धन | १०००००० | दश लाख |
| | **जम्मा** | **६००००००** | **साठ्ठी लाख** |

**वडा नं. ३**

| क्र.सं. | योजनाको नाम | रकम | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | दारे गौडा खानेपानी ट्याङ्की निर्माण | ४५००० | चार लाख पचास हजार |
| २ | सेढाई गाउँ खानेपानी | १५०००० | एक लाख पचास हजार |
| ३ | दसमुरे खा.पा. ट्याङ्की निर्माण | ३००००० | तीन लाख |
| ४ | ईसाई समाज कफन दाह संरक्षण | ५००००० | पाँच लाख |
| ५ | खड्कदेवी उत्सव | ७००००० | सात लाख |
| ६ | कृषि सामाग्री व्यवस्थापन | १०००००० | दश लाख |
| ७ | प्रधानमन्त्री स्वरोजगार | १०००००० | दश लाख |
| ८ | सोलार वत्ति खरिद | ५००००० | पाँच लाख |
| ९ | ग्रामीण कृषि सहकारी कार्यालय व्यवस्थापन | ३००००० | तीन लाख |
| १० | शाखा वाटो मर्मत | १०००००० | दश लाख |
| | **जम्मा** | **५९०००००** | **उनानसाठ्ठी लाख** |

**वडा नं. ४**

| क्र.सं. | योजनाको नाम | रकम | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | सिरान चौतारा आखले सडक स्तरोन्नती | १२००००० | बाह्र लाख |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ८००००० | आठ लाख |
| ३ | ढोला पुर्सु सडक मर्मत दशै वाटो मर्मत तथा निर्माण | ८००००० | आठ लाख |

| | | | |
|---|---|---|---|
| ४ | एम्बुलेन्स सञ्चालन | २००००० | दुई लाख |
| ५ | तिज महोत्सव, लाखे नाच तथा खेलकुद कार्यक्रम | ३००००० | तीन लाख |
| ६ | स्वास्थ्य सेवा सम्वन्धी कार्यक्रम | ३००००० | तीन लाख |
| ७ | वशाह मण्डली क्षेत्र विकास कार्यक्रम | ७००००० | सात लाख |
| ८ | खड्ग देवी मन्दिर व्यवस्थापन | २००००० | दुई लाख |
| ९ | वि.पि. स्मृति भवन | ५००००० | पाँच लाख |
| १० | जुगेखोला कूलो निर्माण | ३००००० | तीन लाख |
| ११ | करणटारी कुलो निर्माण | २००००० | दुई लाख |
| १२ | ढोला मैदी पिपलटार सडक(वडा नं. ४ खण्ड) स्तरोन्नती | ५०००००० | बागमती प्रदेश (समपुरक) |
| | **जम्मा** | **५५०००००** | **पचपन्न लाख** |

**वडा नं. ५**

| क्र.सं. | योजनाको नाम | रकम | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | शाखा वाटो मर्मत | १०००००० | दश लाख |
| २ | वडा कार्यालय व्यवस्थापन | ३००००० | तीन लाख |
| ३ | सम्मान कार्यक्रम | ३००००० | तीन लाख |
| ४ | टोल विकास संस्था व्यवस्थापन | ६००००० | छ लाख |
| ५ | प्रधानमन्त्री रोजगार साझेदारी | ७००००० | सात लाख |
| ६ | कृषि उपज संकलन तथा वजारीकरण | ५००००० | पाँच लाख |
| ७ | सिप विकास तथा घरेलु उद्योग प्रवर्द्धन | ५००००० | पाँच लाख |
| ८ | वालादेवी मा.वि. सिक्दै कमाउँदै, कमाउँदै सिक्दै | २००००० | दुई लाख |
| ९ | फलफुल तथा कृषि प्रवर्द्धन | ६५०००० | छ लाख पचास हजार |
| १० | प्रविधि व्यवस्थापन तथा तालिम | ६००००० | छ लाख |
| ११ | सुनखोला कालसिंह कुमालटारी सडक | ४००००० | चार लाख |
| | **जम्मा** | **५७५००००** | **सन्ताउन्न लाख पचास हजार** |

**वडा नं. ६**

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|

| | | अंकमा | अक्षरमा |
|---|---|---|---|
| १ | कृषि सडक मर्मत | १०००००० | दश लाख |
| २ | वडा कार्यालय मर्मत | ८००००० | आठ लाख |
| ३ | सडक वत्ती | ५००००० | पाँच लाख |
| ४ | बुद्धविहार स्तरोन्नती | ५००००० | पाँच लाख |
| ५ | सीढी वाटो निर्माण | १०००००० | दश लाख |
| ६ | कृषि तथा पशुपालन | ५००००० | पाँच लाख |
| ७ | शैक्षिक अनुदान | ७००००० | सात लाख |
| | **जम्मा** | **५०००००००** | **पचास लाख** |

**वडा नं. ७**

| क्र.सं. | योजनाको नाम | रकम | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | गल्लिमुनी देखी कारखेती टोल गोरेटो वाटो सीढी निर्माण | ३००००० | तीन लाख |
| २ | तल्लो टयाङ्की देखी धावाली डाँडा टयाङ्की वाटो | ३००००० | तीन लाख |
| ३ | पानी टयाङ्की निर्माण कुवापानी तल्लो रामपुर | ३००००० | तीन लाख |
| ४ | कृषि व्यवस्थापन सामान तथा नगदे वाली प्रवर्द्धन | ३००००० | तीन लाख |
| ५ | ठुलोचौतारो सामूदायिक भवन मर्मत संहार | ३००००० | तीन लाख |
| ६ | ठुलो पंधेरो सुधार मर्मत | ५००००० | पाँच लाख |
| ७ | खतार्क कुवापानी ठाँटीचौर जाने वाटो सीढी निर्माण | ३००००० | तीन लाख |
| ८ | कोटथोक अनकन्या गिदेल पंधेरो जाने गोरेटो वाटो सीढी निर्माण | ३००००० | तीन लाख |
| ९ | कटुसघारी क्रियाघर कामी गाउँ जाने वाटो मर्मत | ३००००० | तीन लाख |
| १० | पाखागाउँ चैनपुर वेसी सामूदायिक भवन निर्माण | ८००००० | आठ लाख |
| ११ | भदौरे कृष्ण मन्दिर निर्माण | ३००००० | तीन लाख |
| १२ | ढोडेनी सामूदायिक भवन मर्मत तथा संहार | ३००००० | तीन लाख |
| १३ | शाखा वाटो मर्मत तथा विस्तार | ८००००० | आठ लाख |
| १४ | प्रधानमन्त्रि रोजगार कार्यक्रम सामान व्यवस्थापन | ३००००० | तीन लाख |
| १५ | विद्यालय व्यवस्थापन अनुदान | ५००००० | पाँच लाख |
| १६ | खानेपानी मर्मत तथा स्वच्छ नमुना टोल कार्यक्रम | ४००००० | चार लाख |

| | | | |
|---|---|---|---|
| १७ | हिम पाईप व्यवस्थापन शाखा वाटो वडारे गैरावारी | ३००००० | तीन लाख |
| १८ | वडा कार्यालय व्यवस्थापन विविध | ३००००० | तीन लाख |
| १९ | मूल सडकवाट ठुलो पधेरो जाने चोकवाट सालवास मा.वि. जाने ठाडो गोरेटो वाटो सिढी निर्माण | ६००००० | छ लाख |
| | **जम्मा** | **७५०००००** | **पचहत्तर लाख** |

**संघीय तथा प्रादेशिक सरकारबाट विनियोजित बजेट तर्फ:-**

- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम संचालनार्थ **रु २२ करोड २३ लाख** साथै प्रदेश सरकार बाट हस्तान्तरीत कार्यक्रम संचालनार्थ **रु ५ करोड ५३ लाख ९४ हजार** बजेट व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अव म माथिका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न **रु ५९ करोड ६३ लाख ९५ हजार १ सय ५१** बराबरको बजेट विनियोजन गरेको छु।

कुल विनियोजन मध्ये आन्तरिक आम्दानी, राजश्व बाँडफाँड र वित्तिय समानिकरणबाट प्राप्त अनुदान बाट **रु. ११ करोड ७४ लाख** जुन कुल बजेटको १९.६८ प्रतिशत हुन्छ उक्त रकम चालु खर्च साथै कार्यालय व्यवस्थापन तर्फ, बाँकी **रु. ४७ करोड ८९ लाख ९५ हजार १ सय ५१** जुन कुल बजेटको ८०.३२ प्रतिशत हुन्छ , उक्त रकम सशर्त कार्यक्रम तथा पूँजीगत खर्च अन्तर्गत खर्च हुने अनुमान गरेको छु ।

आगामी आ.व.का लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक आम्दानी बाट **रु. ६ करोड ३० लाख ६ हजार ४ सय ६२ र ३४ पैसा**, संघ तथा प्रदेशको राजस्व बाँडफाँडबाट प्राप्त हुने **रु. १० करोड ४९ लाख ९७ हजार ६ सय ८८ र पैसा ६६,** त्यसै गरी संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट **रु. १२ करोड ६१ लाख** र सर्शत अनुदानबाट **रु. २२ करोड २३ लाख**, प्रदेश सरकारवाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट **रु. १ करोड ३३ लाख ९७ हजार,**

सर्शत अनुदानबाट **रु. २ करोड ३९ लाख ४ हजार** सम्पुरक अनुदान बाट **रु २ करोड ५० लाख** र विशेष अनुदान बाट **रु १ करोड** हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आय-व्ययको अनुमान अनुसूचीमा उल्लेख गरेको छु ।

प्रस्तुत भएको आगामी आ.व. २०८०/०८१ को बजेट कार्यान्वयनबाट राष्ट्रिय रुपमानै परेको राजश्व प्राप्तिको संकुचन साथै विश्वव्यापी आर्थिकमन्दी बाट आम नागरिकको जीवनमा परेको प्रभाव न्यूनीकरण हुने, स्वास्थ्य प्रणाली सुदृढ र सवल हुने, गुणस्तरीय र जीवन उपयोगी शिक्षाको पहुँच अभिवृद्धि हुने, रोजगारीको अवसर सृजना हुने, सबै नागरीकले सामाजिक सुरक्षा एंवम संरक्षण प्राप्त गर्ने साथै न्यायपूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने मैले अपेक्षा गरेको छु ।

आगामी आ.व मा तत्काल प्रतिफल दिने गरि खानेपानी, सडक जस्ता भौतिक पुर्वाधार आयोजनाको निर्माण कार्य अघी बढ्नुका साथै सम्पन्न हुने अपेक्षा गरेको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने श्रद्धेय गाउँपालिकाका अध्यक्ष ज्यू, गाउँसभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, राजनीतिक दल, विषयगत समितिका पदाधिकारी, नागरिक समाज, विद्धत वर्ग लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहान्छु ।बजेट कार्यान्वयनमा सबैको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

अन्त्यमा, गाउँपालिका भित्र र बाहिर रहनु भएका गाउँपालिका बासी सम्पूर्ण आमा बुबा, दिदी बहिनी तथा दाजुभाईलाई समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माणमा योगदान गर्न आव्हान गर्दछु ।

**धन्यवाद !!!**
**धर्म बहादुर अर्याल**
**उपाध्यक्ष ज्वालामूखी गाउँपालिका**
**जय ज्वालामूखी !!!**